श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड-मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

मुलुकी ऐन खोटा चलनको महल संशोधन गर्न बनेको ऐन

मुलुकी ऐन खोटा चलनको महल (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो ऐनको नाम मुलुकी ऐन खोटा चलनको महल (संशोधन) ऐन, २०१९ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनमा दफाहरू थप्ने-: मूल ऐनको दफा २६ पछि देहायको दफा २७ दफा २८ र दफा २९ थपिएको छः-

२७. सिक्का चलनमा प्रतिबन्ध लगाउने अधिकारः- (१) श्री ५ को सरकारले छापी वा टकमारी चलन चल्तीमा ल्याएको सिक्का (नोट, रुपैयां र पैसा) मध्ये यो यस्तो सिक्का चलन चल्ती नगर्नु भनी वा यस्तो ठाउँमा नलैजानु भनी नेपाल गजेटमा प्रकाशित आदेशद्वारा रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम चलन चल्ती गर्न रोक्का भएको सिक्का श्री ५ को सरकारबाट नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको समयभित्र सूचनामा तोकिएको ठाउँमा दाखिल गर्नुपर्छ र त्यसको सट्टा उत्ति मोलको चलन चल्तीमा रहेको सिक्का प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचनामा तोकिएको समयभित्र चलन चल्ती बन्द गरिएको सिक्का तोकिएको ठाउँमा दाखिल नगरेको वा उपदफा (१)

बमोजिम नलैजानु भनी आदेश दिएको ठाउँमा लगेको ठहरेमा त्यस्तो सिक्का जफत हुनेछ ।

२८. सिक्का घटी बढी पारी चलन गर्न मनाही:- (१) श्री ५ को सरकारले चलन चल्तीमा ल्याएको सिक्का सिक्का मै लेखिए बमोजिम दरमा लिनु दिनु पर्छ । सिक्काको मूल्यमा घटी बढी पारी लिन दिन र चलन गर्न गराउन हुँदैन ।

(२) कसैले उपदफा (१) बमोजिम सिक्का मै लेखिएको दरमा घटी बढी पारी लिए दिएमा त्यसरी लिए दिएको बिगो जफत गरी लिने दिने दुवैलाई ने. रू. ५००। पांचसयसम्म जरिवाना हुनेछ ।

२९. पुरस्कार दिने:- कसैले श्री ५ को सरकारबाट चलन चल्ती गर्न बन्द गरिदिएको सिक्का वा यस्तो ठाउँमा नलैजानु भनी मनाही गरेको सिक्का चोरी निकासी गरेको वा लुकाई दबाई राखेको पक्काउ गरी साबित गराइदिनेलाई त्यस्तो व्यक्तिबाट असूल उपर भएको दण्ड जरिवानाको सयकडा ने. रू. १०।- दश पुरस्कार चलन चल्तीमा रहेको सिक्काबाट दिइनेछ ।

३. बचाउ:- नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) बमोजिम यो ऐन निष्कृय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेसरह मानी यो ऐन अन्तर्गत भए गरेको काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

इतिसंवत् २०१९ साल गते रोज शुभम् - -

लालमोहर सदर मितिः २०१९।३।१५।६

आज्ञाले-
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।